# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७८/०७९


**अछाम बहुमुखी क्याम्पस**

(स्थापित २०४८ सम्बन्धन : त्रिभुवन विश्वविद्यालय)

मंगलसेन, अछाम

फोन नं. ०९७-६२०१३४

Website : www.achhamcampus.edu.np.

E-mail: info@achhamcampus.edu.np


आ.व. २०७८/०७९

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७८/७९

**अछाम बहुमुखी क्याम्पस**
**(स्थापित २०४८ सम्बन्धन : त्रिभुवन विश्वविद्यालय)**
**मंगलसेन, अछाम**
फोन नं. ०९७-६२०१३४.
Website : www.achhamcampus.edu.np.
E-mail: info@achhamcampus.edu.np
आ.व. २०७८/७९

# वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

**संयोजक**

ध्रुब कुमार शाही

**सदस्यहरु**

नृप बहादुर चाड
मान बहादुर बुढा
हरकसिङ धामी
झपट कुमार केसी
उदयराज ढुङ्गाना
प्रेम प्रशाद ढुङ्गाना
भरत कुमार केसी
सेर बहादुर धामी
सुरत बहादुर बोहरा

व्यवस्थापन समितिबाट अनुमोदन
मिति: २०७९/०९/०४

## कार्यकारी सारांश (Executive Summary)

सर्व-शुलभ गुणात्मक र स्तरयुक्त जन्य शिक्षाको अवसर उपलब्ध गराउन बि.सं. २०४८ सालमा जनस्तरबाट स्थापित एवं विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA.) कार्यक्रममा रहेको अछाम बहुमुखी क्याम्पस आफ्नो स्थापना कालदेखि यसले महत्वपूर्ण शैक्षिक भूमिका निर्वाह गर्दै आएको छ ।

२०४८ सालमा वाणिज्य संकायको पठनपाठनबाट शुरुवात भएको अछाम बहुमुखी क्याम्पसमा २०६२ सालदेखि वाणिज्य संकाय स्नातक को पढाई शुरु भएको थियो । २०७५ सालमा स्नातकोत्तर तह तर्फ एम.एड., २०७७ सालमा एम बि एस . का कक्षाहरु संचालन गरिएका थिए । यसरी हाल क्याम्पसमा बि.बि.एस., एम..एड., बि.बि.एस, बि एड का कक्षाहरु संचालन भई पठनपाठन हुँदै आएका छन क्याम्पसमा हाल ६ जना सह प्राध्यापक, ७ जना शिक्षण सहायक गरी १३ जना पूर्णकालीन प्राध्यापकहरु र ११ आशिक प्राध्यापक कार्यरत रहेका छन् । शैक्षिक सत्र सन २०१९/२० मा अछाममा विभिन्न कार्यक्रमहरुमा जम्मा ५०५ जना विद्यार्थी भर्ना भएका थिए । यस शैक्षिक सत्रमा बी.बी.एस.मा ७६ जना, बि.एड्.मा २३८ जना, भर्ना भएका थिए।

शैक्षिक सत्र २०१८/०१९ मा विद्यार्थी भर्ना र उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा वार्षिक परीक्षामा कुल ५०५ विद्यार्थी सहभागी भएकोमा ७५ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगतरुपमा उत्तीर्ण प्रतिशत १४.८५% देखिन्छ। तहगत रुपमा विद्यार्थीको उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातक तहतर्फको उत्तीर्ण प्रतिशत सबैभन्दा बढी वाणिज्य तर्फ (३२.८९%) र सबैभन्दा कम शिक्षाशास्त्र संकायतफ ((१८.९१% ) रहेको देखिन्छ। स्नातकोत्तर तहको उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा कम शिक्षाशास्त्र संकायतर्फ (२.६२% ) रहेको देखिन्छ ।

शैक्षिक सन् २०१९/०२० को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कुल ६९१ जना विद्यार्थीहरु वार्षिक परीक्षामा समावेश

भएकोमा १३८ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण प्रतिशत १९.९७% रहेको देखिन्छ । जुन यो भन्दा पहिलो शैक्षिक सत्रको तुलनामा करीब ५.१२% ले वृद्धि भएको देखिन्छ। तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातक तर्फ सबैभन्दा बढी विद्यार्थी वाणिज्य तर्फ (२४.११%) उतीर्ण भएको देखिन्छ भने सबैभन्दा कम शिक्षाशास्त्र संकायतर्फ २१.६७% रहेको देखिन्छ ।

शैक्षिक सन् २०२०/०२१ को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कुल ७७० जना विद्यार्थीहरु मध्ये वार्षिक परीक्षामा समावेश भएकोमा ७०३ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण दर १६.२२% रहेको देखिन्छ, जुन पहिली शैक्षिक सत्रको तुलनामा करीब ३.७५% प्रतिशतवृद्धि हो तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातक तर्फ सबैभन्दा बढी विद्यार्थी बिबिएम तर्फ (२५% ) उत्तीर्ण भएको देखिन्छ भने सबैभन्दा कम शिक्षाशास्त्र संकायतर्फ बिएड (१२.९३%) रहेको देखिन्छ ।

शैक्षिक सत्र २०१८/०१९ मा क्याम्पसका विभिन्न शैक्षिक कार्यकहरुको वार्षिक परीक्षामा कुल ५० जना भएका छन् । तहगत रुपमा स्नातक तह तर्फको शैक्षिक उपलब्धि हासिल गर्नेहरूमा सबैभन्दा बढी शिक्षा संकाय बि एड मा ३५ छन् भने सबैभन्दा कम व्यवस्थापन संकायतफ बिबिएसमा १५ जना उत्तीर्ण भएका छन् ।

शैक्षिक सन् २०१८/०१९ मा विभिन्न तहको वार्षिक परीक्षामा उर्तीण मध्ये सबैभन्दा बढी २१ जना केटी पास भएका छन र सबैभन्दा कम शैक्षिक शत्र सन् २०१९/०२० मा ४ जना केटी उतीर्ण भएका छन् ।

अछाम बहुमुखी क्याम्पसको शुल्क आयलाई विश्लेषण गर्दा अछाम बहुमुखी क्याम्पसको शुल्क आयलाई विश्लेषण गर्दा आ.व. २०७५/०७६ मा रु.१ करोड १ लाख २३ हजार ३ सय ४ रुपैया शुल्कको रुपमा संकलन भएको थियो भने आ.व. २०७६/०७७ मा रु.८३ लाख ९० हजार ३ सय २६ रुपैया ३७ पैशा तथा आ.व. २०७७/०७८ मा रु.७७ लाख ९६ हजार ६ सय ७८ संकलन भएको थियो । आ.व. २०७२/०७३ मा स्नातकोत्तर तहमा दुई व्याचको संगसंगै शुल्क संकलन भएकोले विद्यार्थी शुल्कमा उल्लेखनीय रुपमा

वृद्धि हुन गएको हो । त्यसैगरी आ.ब. २०७५/०७६ मा रु.२ लाख ५१ हजार १ सय १० अन्य स्रोत बाट संकलन भएको थियो। अन्य आम्दानी आ.व. २०७६/०७७ मा ३ लाख ३९ हजार ८ सय ६८ रुपैया चौरासी पैशा र आ.व. २०७७/०७८ मा १ लाख ८१ ह्जार ७ सय सैतिस रुपैया ७० पैशा प्राप्त हुन गएको छ भने अन्य वर्षहरूमा सोको रकम कम हो । यसरी कूल आम्बानीमा करीव ९७ प्रतिशत विद्यार्थीको शुल्क योगदान रहेको छ भने ३ प्रतिशत मात्र अन्य स्रोतबाट आय आर्जन भएको देखिन्छ ।

आ.व. २०७५/०७६ मा विश्वविद्यालय अनुदान आयेगवाट रु. ९ लाख ६६ हजार ८ सय र अन्य निकायबाट रु.२९ लाख ८१ हजार २ सय २४ मात्र अनुदान प्राप्त भएको थियो। आ.व. २०७६/०७७ मा विश्वविद्यालय अनुदान आयोगबाट रु.३४ लाख ७१ हजार ९ सय ५८ रुपैया ३३ पैशा प्राप्त भएको थियो। आ.व. २०७७/०७८ मा विश्वविद्यालय अनुदान आयोगबाट रु.९ लाख १२ हजार १ सय ४३ रुपैया ९७ पैशा प्राप्त भएको थियो । यसरी सरकारी निकायबाट अछाम बहुमुखी क्याम्पसलाई प्राप्त हुने योगदान करिब २३ प्रतिशत देखि ६६ प्रतिशतको हाराहारीमा मात्र प्राप्त भएको देखिन्छ ।

अछाम बहुमुखी क्याम्पसको आयको मुख्य स्रोत विद्यार्थीहरुबाट संकलन गरिने शुल्क हो भने खर्चको मुख्य क्षेत्र क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुकी तलव हो । तलब शीर्षकमा आ.व. २०७५/०७६ मा ६३ लाख २४ हजार १ सय २३, आ.व. २०७५/०७६ मा रु.७५ लाख ९१ हजार ९ सय ४७, र आ.व. २०७७/०७८ मा रु. ८४ लाख ७८ हजार ४ सय ७४ खर्च हुन गएको छ । त्यसैगरी अन्य शीर्षकहरुमा आ.व. २०७५/०७६ मा १४ लाख ९४ हजार ८ सय ९१, आ.व. २०७५/०७६ मा रु.२५ लाख २५ हजार ९ सय १७, र आ.व. २०७७/०७८ मा रु. १९ लाख ७१ हजार ८४ खर्च भएको देखिन्छ । चालू खर्चको ७५ देखि ८१ प्रतिशत सम्म तलव शीर्षकमा खर्च भएको देखिन्छ ।

अछाम बहुमुखी क्याम्पसको मुख्य भौतिक पूर्वाधारमा आ.व. २०७५/०७६ मा रु.३२ लाख २ सय , आ.ब. २०७६/०७७ मा रु. १ करोड २२ लाख २३ हजार १ सय ७० रुपैया ८७ पैशा, र आ.ब. २०७७/०७८ मा रु. ५१ लाख १३ हजार ५८ सय खर्च भएको देखिन्छ । पुस्तक खरीदतर्फ आ.ब. २०७५/०७६ मा रु.६ हजार ३ सय ७५, आ.व. २०७६/०७७ मा रु.४ लाख

७५ हजार , आ.ब. २०७७/०७८ मा ७९ हजार १ सय ९५ खर्च भएको छ। पुस्तक खरीदतर्फ स्नातक तहको पाठ्यक्रम परिवर्तन र स्नातकोतर को कक्षा सञ्चालन भएको कारणले आ.व. २०७६/०७७ मा बढी खर्च भएको छ।

अछाम बहुमुखी क्याम्पसले तयार गरेका वित्तीय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त तथा प्रचलित कानून बमोजिम तयार गरे नगरेको सम्बन्धमा नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण गरी सो विवरणले क्याम्पसको आय-व्ययको सही तथा यथार्थ अवस्था चित्रण गरे नगरेको सम्बन्धमा राय व्यक्त गर्ने उद्देश्यले चार्टर्ड एकाउन्टेन्ट्सबाट लेखापरीक्षण गरिदै आएको छ र लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरु समस्याहरु न्युनीकरणका लागि गरिएका प्रयासह लागि गरिएका प्रयासहरु प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

अछाम बहुमुखी क्याम्पस देशकै अग्रणी शैक्षिक संस्थाको रुपमा विकसित भइरहेको भएता पनि भौतिक पूर्वाधार तथा उपकरणहरुको अपर्याप्तता, प्राविधिक विषय सञ्चालन गर्न नीतिगत समस्या, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या, उच्च शिक्षक विद्यार्थी अनुपात, विद्यार्थी उत्तीर्ण बारमा उल्लेख्य सुधार हुन नसकेका जस्तासमस्या तथा चुनौतीहरुविद्यमान रहेका छन।

अछाम बहुमुखी क्याम्पसका समस्या तथा चुनौतीहरु सम्बोधन हुने गरी भौतिक पूर्वाधार विकास, प्राज्ञिक उत्कृष्टताको लागि संस्थागत क्षमता विकास, विद्यार्थी कल्याण र अतिरिक्त क्रियाकलाप, वित्तीय स्रोत व्यवस्थापन र संस्थागत सुशासन तथा क्याम्पस समुदाय सम्बन्ध आदिमा सुधार ल्याउनको लागि क्याम्पसले आगामी ५ वर्षको लागि रणनीतिक विकास योजना तर्जुमा गरि लागू गरेको छ।

# विषय सूची


| | | पेज नं |
|---|---|---|
| १. | पृष्ठभूमी (Background) | १ |
| २. | प्राज्ञिक / शैक्षिक प्रगति (Academic Progress) | १ |
| २.१ | भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis) | १ |
| २.२ | उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis) | ३ |
| २.३ | स्नातक र प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis) | ४ |
| २.४ | शैक्षिक कार्यक्रमहरु (Academic Programmes) | ६ |
| २. | शैक्षणिक विधिहरु (Educational Pedagogy) | ७ |
| ३. | भौतिक प्रगति (Physical Progress) | ७ |
| ३.१ | पूर्वाधार विकास (Infrastructural Development) | ७ |
| ३.२ | शैक्षिक सहयोग (Educational Aids ) | ७ |
| ३.२.१ | शैक्षिक उपकरणहरु (Educational Equipments**)** | ७ |
| ३.२.२ | पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरु (Books Journals and Reference Materials ) | ८ |
| ३.२.२ | फर्निचरहरु (Furnitures) | ९ |
| ४. | वित्तीय प्रगति (Financial Progress) | ९ |
| ४.१ | वित्तीय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources Income) | ९ |
| ४.१.१ | स्वआनंत आय(Self Generated Income-Resources) | १० |
| ४.१.२ | सरकारी स्रोतबाट अनुदान (Grants from Government Sources) | १० |
| ४.२ | खर्च विश्लेषण (Analysis of Expenditures) | ११ |
| ४.२.१ | चालु खर्चहरु (Recurrent Expenses) | ११ |
| ४.२.२ | पूँजीगत खर्च (Capital Expenditures) | ११ |
| ४.३ | गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्युनीकरणका प्रयासहरु (Audit Observations/ Issues, Recommendation and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in the Last Fiscal last year) | ११ |
| ५. | सामाजिक प्रगति (Social Progress) | १२ |
| ६. | समस्या तथा चुनौतीहरु (Issues and Challenges) | १३ |
| ६.१ | समस्या तथा चुनौतीहरु (Issues and Challenges) | १३ |
| ६.२ | समस्या तथा चुनौतीहरु न्यूनीकरणका उपायहरु (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges) | १३ |
| ६.३ | समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना (Plan for Addressing the Issues and Challenges) | १४ |
| ६.४ | वार्षिक कार्ययोजना तथा बजेट(Annual Work Plan and Budget) | १६ |
| | Appendix | १७ |

## १. पृष्ठभूमी (Background)

अछाम जिल्लाको सदरमुकाम मंगलसेन अछाममा २०४६ सालको राजनीतिक परिवर्तन संगै यस जिल्लाका समाजसेवी, बुद्धिजीवि, शिक्षाप्रेमी, राजनीतिज्ञ, शिक्षक तथा अभिभावकहरुको सकिय प्रयासबाट यस अछाम क्याम्पसको स्थापना २०४८ साल पौष ४ गतेका दिन भएको यहाँहरुलाई अवगत नै छ । बि.सं. २०४८ सालमा त्रि.वि.बाट व्यवस्थापन संकायको सम्बन्धन प्राप्त यस क्याम्पसमा हाल कक्षा ११ देखि स्नातक तह व्यवस्थापन, शिक्षाशास्त्रका साथै स्नातकोत्तर तहमा एम.एड. (नेपाली र ई.पि.एम.विषय) र यसै शै.स.२०७८/०७९ देखि व्यवस्थापन संकायमा एम.वि.एस.प्रथम सेमेष्टरको कक्षा समेत संचालनमा रहेको व्यहोरा अवगत गर्दछु । जिल्लामा उच्च शिक्षा हासिल गर्नको निमित्त कुनै पनि क्याम्पस नभएको अवस्थामा सर्वसुलभ र गुणस्तरीय शिक्षा आम अछामी जनतालाई उपलब्ध गराउने मुलभूत लक्ष्य र उद्देश्यका साथ स्थापित अछाम क्याम्पस आज पनि उक्त लक्ष्य र उद्देश्य प्राप्ति गर्नका निमित्त समाजसेवी, शिक्षाप्रेमी महानुभावहरु क्याम्पस निर्माणको निमित्त क्रियाशिल भएको पाउँदा हामी सम्पूर्ण क्याम्पस परिवार हर्षित भएका छौं । क्याम्पसको आर्थिक, शैक्षिक, भौतिक उन्नति र प्रगति तब मात्र सम्भव हुन्छ जब हामी सबैको सामुहिक साझा प्रयास शिक्षाक्षेत्रप्रति सकारात्मकसोच भए मात्र क्याम्पसको विकास र विस्तार सम्भव हुन्छ । हामी सबैको साझा सम्पतिको रुपमा शैक्षिक संस्था रहेको कुरा स्पष्ट नै छ । यस धारणा प्रति हामी कसैको विमत्ती रहन्छ जस्तो लाग्दैन । शिक्षा क्षेत्रमा गरिएको लगानी अनुत्पादक खर्चको रुपमा हेर्ने हाम्रो परम्परागत सोच र चिन्तनमा परिवर्तन नभए सम्म शैक्षिक संस्थाको उन्नति र प्रगति सम्भव छैन । शैक्षिक संस्थाको विकास, विस्तार, उन्नति र प्रगति विना समाज र देशको उन्नति र समृद्धि सम्भव छैन भन्ने मान्यता प्रति स्पष्ट छ ।

क्याम्पस आफै आत्मनिर्भर हुन सकिरहेको छैन र क्याम्पसको अगाडि अवसर र चुनौती दुवै रहेका छन् । हाल यस अछाम बहुमुखी क्याम्पसलाई सूचना प्रविधि अनुकुल हुने गरी सफ्टवेयर मार्फत लेखा, परीक्षा र पुस्तकालयको संचालन व्यवस्थापन गरिएको, प्रोजेक्टरको माध्यमबाट अध्ययन अध्यापन गराउने कार्य अर्न्तगत ८ वटा कक्षा कोठाहरुमा प्रोजेक्टर जडान गरि सकिएको, क्याम्पसको वेवसाइट निर्माण, विधुतिय हाजिरी प्रणाली जडान र

विद्यार्थीहरुलाई सूचनाको पहुँचमा वृद्धि गर्नको लागि डिजिटल सूचना बोर्ड संचालनमा ल्याएको व्यहोरा अवगत गर्दछु । आगामी शै.स.मा बाँकी रहेका सम्पूर्ण कक्षाकोठाहरुमा प्रोजेक्टर जडान गर्ने कार्य अगाडि बढाउने र डिजिटल क्याम्पसको रुपमा विकास गर्ने लक्ष्य रहेको छ ।

## २. प्राज्ञिक / शैक्षिक प्रगति (Academic Progress)

अछाम बहुमुखी क्याम्पसको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ।

### २.१ भर्ना प्रवृत्ति विश्लेषण (Enrollment Trend Analysis)

अछाम बहुमुखी क्याम्पसको कुल विद्यार्थी भर्ना संख्यालाई दृष्टिगत गर्दा विभिन्न कार्यक्रम अनुसार विद्यार्थी भनांदरमा भिन्नता रहेको देखिन्छ। स्नातक तहको सन्दर्भमा सबैभन्दा बढी बी.एड. मा भर्ना भएको देखिन्छ भने सबैभन्दा कम बी.बि.एस को देखिन्छ ॥ शैक्षिक सत्र २०२०/२१ मा बी..एड.मा ३६० जना वि.बि एस .मा ११२ जना, जम्मा ४७२ जना भर्ना भएका थिए। शैक्षिक सत्र २०२१/२२ मा बी..एड.मा ३७९  जना वि.बि एस .मा १३६जना, जम्मा ५१५ जना भर्ना भएका थिए । शैक्षिक सत्र २०२२/२३ मा बी..एड.मा २३८ जना वि.बि एस .मा ७६ जना, जम्मा ३०४ जना भर्ना भएका थिए ।

Table 1: Enrollment Trend Analysis (Program Wise/Level Wise)
Programme

| Level | Programmes | 2020/21 | 2021/22 | 2022/23 |
|---|---|---|---|---|
| Bachelor | B.Ed. | 360 | 379 | |
| | BBS | 112 | 136 | |
| Master | M.Ed. | 219 | 188 | |
| | MBS | - | 67 | |
| Grand Total | A+B | 691 | 770 | |

Appendex 2 highlights the details of programme and yearwise Enrollment of students
Source: Administrative Record of AMC 2022

स्नातकोत्तर तहको सन्दर्भमा सबैभन्दा बढी एम एड.मा भर्ना भएको देखिन्छ भन्ने सबैभन्दा कम एम.बि.ए. कार्यक्रममा भर्ना भएको देखिन्छ । शैक्षिक सत्र सन् २०१९/२० मा एम.एड. मा १९१ , शैक्षिक सत्र सन् २०२०/२१ मा एम.एड २१९ र शैक्षिक सत्र सन् २०२१/२२ मा एम.एड. मा १८८ मा र एम.बी.एस.मा ६७ जना भर्ना भएका थिए ।

Figure 1 No. of the Students Enrollment





Table 2 : Genderwise Enrollment Trend Analysis of the last three years

| Level | Programmes | 2020/21 | | 2021/22 | | 2022/23 | |
|---|---|---|---|---|---|---|---|
| | | Male | Male | Male | Female | | |
| Bachelor | B.Ed. | 167 | 167 | 155 | 224 | | |
| | BBS | 62 | 62 | 79 | 57 | | |
| Master | M.Ed. | 143 | 143 | 126 | 62 | | |
| | MBS | | | 53 | 14 | | |
| Grand Total | A+B | 372 | 372 | 413 | 357 | | |

Figure 2:  Gendertwise Enrollment of Students





Table 3: Enrollment Trend Analysis of the Last Three Year from 2019/20-2021/22

| Year | Female | EDJ | Dalit | Madeshi | Total Female and Educationally Disadvantaged Students | Total Students | %of Female and Educationally Disadvantaged Students |
|---|---|---|---|---|---|---|---|
| 2020/21 | 319 | 3 | 28 | | 350 | 691 | 46.16 |
| 2021/22 | 357 | - | 37 | | 394 | 770 | 46.36 |
| 2022/23 | | | | | | | |

## २.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण (Pass Rate Trend Analysis)

Table 5 : Pass Rate Trend Analysis of last Three Year

| Year 2019/20 | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Programme | Total Appeared | Total Passed | GIRLS | | EDJ | | Madeshi | | Dalit | |
| | | | TA | TP | TA | PA | TA | TP | TA | TP |
| B.Ed. | 238 | 45 | 134 | 23 | - | - | - | - | 6 | 2 |
| BBS | 76 | 25 | 37 | 13 | - | - | | - | 5 | 2 |
| M.Ed. | 191 | 5 | 68 | 0 | - | - | - | - | - | - |
| Total | 505 | 75 | 239 | 36 | | | | | 11 | 4 |

(Program and Level-wise, Disaggregation by Female and Educationally)

| Year 2020/21 | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Programme | Total Appeared | Total Passed | GIRLS | | EDJ | | Madeshi | | Dalit | |
| | | | TA | TP | TA | TP | TA | TP | TA | TP |
| B.Ed. | 379 | 49 | 224 | 23 | - | - | - | - | 15 | 3 |
| BBS | 136 | 34 | 57 | 18 | - | - | - | - | 4 | 2 |
| M.Ed. | 188 | 31 | 62 | 4 | - | - | - | - | 4 | 0 |
| Total | 703 | 114 | 343 | 45 | - | - | - | - | 23 | 5 |

| Year 2021/22 | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Programme | Total Appeared | Total Passed | GIRLS | | EDJ | | Madeshi | | Dalit | |
| | | | TA | TP | TA | PA | TA | TP | TA | TP |
| B.Ed. | | | | | | | | | | |
| BBS | | | | | | | | | | |
| M.Ed. | | | | | | | | | | |
| Total | | | | | | | | | | |

Source : Administrative Recod of AMC 2022

शैक्षिक सत्र २०१८ /०१९ मा विद्यार्थी भर्ना र उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा वार्षिक परीक्षामा कुल ५०५

विद्यार्थी सहभागी भएकोमा ७५ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगतरुपमा उत्तीर्ण प्रतिशत १४.८५% देखिन्छ। तहगत रुपमा विद्यार्थीको उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातक तहतर्फको उत्तीर्ण प्रतिशत सबैभन्दा बढी वाणिज्य तर्फ (३२.८९%) र सबैभन्दा कम शिक्षाशास्त्र संकायतफ ((१८.९१% ) रहेको देखिन्छ। स्नातकोत्तर तहको उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा कम शिक्षाशास्त्र संकायतर्फ (२.६२% ) रहेको देखिन्छ ।

शैक्षिक सन् २०१९/०२० को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कुल ६९१ जना विद्यार्थीहरु वार्षिक परीक्षामा समावेश भएकोमा १३८ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण प्रतिशत १९.९७% रहेको देखिन्छ । जुन यो भन्दा पहिलो शैक्षिक सत्रको तुलनामा करीब ५.१२% ले वृद्धि भएको देखिन्छ। तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातक तर्फ सबैभन्दा बढी विद्यार्थी वाणिज्य तर्फ (२४.११%) उतीर्ण भएको देखिन्छ भने सबैभन्दा कम शिक्षाशास्त्र संकायतर्फ २१.६७% रहेको देखिन्छ ।

शैक्षिक सन् २०२०/०२१ को तथ्याङ्कलाई दृष्टिगत गर्दा क्याम्पसका विभिन्न कार्यक्रमहरुमा कुल ७७० जना विद्यार्थीहरु मध्ये वार्षिक परीक्षामा समावेश भएकोमा ७०३ जना उत्तीर्ण भएको देखिन्छ । समष्टिगत रुपमा उत्तीर्ण दर १६.२२% रहेको देखिन्छ, जुन पहिली शैक्षिक सत्रको तुलनामा करीब ३.७५% प्रतिशतवृद्धि हो तहगत रुपमा उत्तीर्ण प्रतिशतलाई दृष्टिगत गर्दा स्नातक तर्फ सबैभन्दा बढी विद्यार्थी बिबिएम तर्फ (२५% ) उत्तीर्ण भएको देखिन्छ भने सबैभन्दा कम शिक्षाशास्त्र संकायतर्फ बिएड (१२.९३%) रहेको देखिन्छ ।

## २.३ स्नातक र प्रवृत्ति विश्लेषण (Graduate Trend Analysis)

२.३ स्नातक दर प्रवृत्ति मा विभिन्न वर्ष तह पार गर्ने स्नातक ( Graduates) को संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

Table 6: Yearwise Graguate Trend of Students of Last Three Years

| Year | Total | Female | EDJ | | |
|---|---|---|---|---|---|
| 2019/20 | 12 | 7 | - | 1 | - |
| 2020/21 | 11 | 7 | - | 1 | - |
| 2021/22 | | | | | |

माथिको तथ्याङ्कलाई दृष्टिगत गर्दा शैक्षिक सत्र २०१९/०२० मा विभिन्न कार्यक्रमहरुमा १२ जना र शैक्षिक सत्र २०२०/०२१ मा ११ र शैक्षिक सत्र २०२१/ ०२२ मा ११ विद्यार्थीहरुले स्नातक तहको शैक्षिक उपलब्धी हासिल गरेका छन् ।

Figure 3 : Graguate Trend of Students




अछाम बहुमुखि क्याम्पसमा विभिन्न वर्ष तह पार गर्ने स्नातकहरुको तहगत र समावेशीतामा आधारित संख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

Table 7: Graguate Trend of Students

(program wise /levelwise, Disaggregated by Female and Educationally Disadvantaged Students )

| Level | Program | Graguate Students in 2018/19 | | | | |
|---|---|---|---|---|---|---|
| | | Total | Girls | EDJ | Dalit | Madesi |
| Bachelor | B.Ed. | 35 | 14 | - | 3 | - |
| | BBS | 15 | 7 | - | 2 | - |
| Mater | M.Ed. | - | - | - | - | - |
| | MBS | - | - | - | - | - |
| Total | | 50 | 21 | | 5 | |


| Level | Program | Graguate Students in 2019/20 | | | | |
|---|---|---|---|---|---|---|
| | | Total | Girls | EDJ | Dalit | Madesi |
| Bachelor | B.Ed. | 6 | 1 | - | 1 | |
| | BBS | 6 | 3 | - | - | -- |
| Mater | M.Ed. | - | - | - | - | - |
| | MBS | - | - | - | - | - |
| Total | | 12 | 4 | - | 1 | - |

| Level | Program | Graguate Students in 2020/21 | | | | |
|---|---|---|---|---|---|---|
| | | Total | Girls | EDJ | Dalit | Madesi |
| Bachelor | B.Ed. | 4 | 2 | - | - | - |
| | BBS | 8 | 5 | - | 1 | |
| Mater | M.Ed. | - | - | - | - | - |
| | MBS | - | - | - | - | - |
| Total | | 12 | 7 | - | 1 | - |

| Level | Program | Graguate Students in | | 2021/22 | | |
|---|---|---|---|---|---|---|
| | | Total | Girls | EDJ | Dalit | Madesi |
| Bachelor | B.Ed. | | | | | - |
| | BBS | | | | | - |
| Mater | M.Ed. | | | | | - |
| | MBS | | | | | - |
| Total | | | | | | |

शैक्षिक सत्र २०१८/०१९ मा क्याम्पसका विभिन्न शैक्षिक कार्यकहरुको वार्षिक परीक्षामा कुल ५० जना भएका छन् । तहगत रुपमा स्नातक तह तर्फको शैक्षिक उपलब्धि हासिल गर्नेहरूमा सबैभन्दा बढी शिक्षा संकाय बि एड मा ३५ छन् भने सबैभन्दा कम व्यवस्थापन संकायतफ बिबिएसमा १५ जना उत्तीर्ण भएका छन् ।

Figure 4: Graduate Trend of Students in 2021/22




शैक्षिक सन् २०१८ / ०१९ मा विभिन्न तहको वार्षिक परीक्षामा उर्तीण मध्ये सबैभन्दा बढी २१ जना केटी पास भएका छन र सबैभन्दा कम शैक्षिक शत्र सन् २०१९ / ०२० मा ४ जना केटी उतीर्ण भएका छन् ।

### २.४ शैक्षिक कार्यक्रमहरु (Academic Programmes)

अछाम बहुमुखी क्याम्पसमा वि.सं. २०४८ सालदेखि वाणिज्य संकाय, वि.सं. २०६२ साल देखि बि.बि.एस., वि.सं. २०६४ साल देखि बि.एड., वि.स. २०७५ सालदेखि एम.एड., वि.सं., वि.सं. २०७७ साल देखि बि.बि.एम. तर्फका कक्षाहरु संचालन भई पठनपाठन कार्य हुँदै आइरहेको छ ।

Table 8 : Acaddemic Programmes

| Departments | Programmes | Durations |
|---|---|---|
| Management | BBS | 4 Years |
| | MBS | 2- Year Semesters |
| Education | B.Ed | 4 Years |
| | M.Ed.( Nepali ) | 2- Year Semesters |
| | M.Ed. ( EPM) | 2- Year Semesters |

### २.५ शैक्षिणिक विधिहरु (Educational Pedagogy)

अछाम बहुमुखी क्याम्पसमा बिगतका वर्षहरूमा शिक्षक केन्द्रित विधि मात्रै अनुशरण हुँदै आएकोमा हाल आएर पठनपाठनका विधिहरुमा परिवर्तन ल्याउने प्रयास गरिएको छ । केही कक्षाकोठाहरु र केही विभागहरुमा मल्टीमिडिया प्रोजेक्टरको व्यवस्था गरिएको छ । यसबाट प्रस्तुतीकरण विधि अपनाउनमा मद्दत पुगेको छ । सेमेस्टर प्रणाली अन्तर्गत प्रस्तुतीकरण विधि र परियोजना कार्यविधि समेत अवलम्बन गरिन्छ

## ३. भौतिक प्रगति (Physical Progress)

अछाम बहुमुखी क्याम्पसको भौतिक प्रगतिलाई पूर्वाधार विकास, शैक्षिक सहयोग तथा उपकरणहरु, फर्निचर, पाठ्यपुस्तक, जर्नल र सन्दर्भ सामाग्रीहरुको उपलब्धताको आधारमा विश्लेषण गरिएको छ ।

### ३.१ पूर्वाधार विकास (Infrastructural Development)

अछाम बहुमुखी क्याम्पसको शिक्षण सिकाई क्रियाकलापहरुलाई सहजीकरण गर्न र बुद्धि गर्न यस क्याम्पसले आफ्ना भौतिक पूर्वाधारहरु अप्ने, निर्माण गर्ने र मर्मत गर्ने कमलाई जारी राखेको छ । २०७२/०७३ मा एउटा २०० किलोवाट क्षमताको सोलार स्टिम जडान गरिएको छ । शैक्षणिक र प्रशासनिक क्रियाकलापलाई सघाउ पुग्याउने र क्रियाकलापलाई अटूट र निर्वाध सञ्चालन गर्न एउटा १०० के.भी. विद्युतीय ट्रान्सफर्मर पनि जडान गरिएको छ । यस अवधिमा ४ पान खानेपानी टंकीहरु खरिद गरिएका छ जसको क्षमता ४,००० लिटर रहेको छ । हरेक भवनमा पर्याप्त खानेपानीका धाराहरु निर्माण गरिएका छन्। थपिएका उपयुक्त सामग्रीहरु सहित क्याम्पसको भौतिक पूर्वाधारहरु जम्मा जम्मी निम्मानुसार रहेका छन् :

| बिवरण | संख्या | कैफियत |
|---|---|---|
| जग्गाको जम्मा क्षेत्रफल भवन | १३ रोपनि | |
| भवन ओगटेको क्षेत्रफल | ३.५ रोपनि - १९,१६६ वर्गफिट | |
| कक्षाकोठा संख्या | १६ कोठा | |
| प्रयोगशाला संख्या | १ | |
| कम्प्युटर कक्ष | १ | |
| सौचालय (छात्र/छात्रा | ७ वटा | |
| प्रतिक्षालय | १ वटा | |
| खानेपानी | ५ वटा | |
| खेलमैदान | ब्याडमिन्टन, बास्केटबल आदि | |
| मोटरसाइकल स्ट्याण्ड | १ वटा | |

### ३.२ शैक्षिक सहयोग (Educational Aids)

#### ३.२. १ शैक्षिक उपकरणहरु (Educational Equipments)

विद्यार्थीहरुको पठन-पाठनमा गुणस्तरीयता कायम गर्न र निर्वाध रुपमा सञ्चालन गर्न निम्नानुसारका शैक्षिक सहयोग सामग्रीहरु खरिद गरिएका छन् :

| सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|
| डेस्कटप कम्प्यूटर मनिटर सहित | २१ थन | |
| ल्यापटप संख्य | १३ थान | |
| ओभर हेड /मल्टिमिडिया प्रोजेक्टर | २१थान | |
| फोटोकपी मेसिन प्रिन्टर्स | ६ थान | |
| इन्टरनेट सर्भिस | २ थान | |
| इन्टरनेट जडिएका कम्प्युटर | २१ थन | |
| सि.सि.टि.भी. क्यामेरा | ८थान | |
| उपस्थिति रेकर्ड मसिन | १ थान | |
| पन्चिङ मेसिन | ५ थान | |
| स्टेपलाईजर मेसिन | ५ थान | |
| सोलार प्यानल | २००० वाट | |
| टेलिफोन सेट | ३ थान | |
| सटफुट | २ थान | |
| मादल | १ थान | |
| ह्ारमुनियम | १ थान | |
| साईन बोड | २ थान | |
| प्लास्टिक बाल्टीन | ३ थान | |
| रबर स्टिाम | १० थान | |
| क्याल्कुलेटर | ५ थान | |
| घण्टी पित्तल | १ थान | |
| भिते घडि | ४ थान | |
| तला | २८ थान | |
| रिभल्भीङ चियर | १३ थान | |
| कम्प्युटर स्पीकर | १६ थान | |
| डिजिटल बोर्ड | १ थान | |

| | | |
|---|---|---|
| ए.डि.एस. एल. राउटर | २ थान | |
| विधुत मिटर | २ थान | |
| साउन्ड सिस्टम माईक | १ थान | |
| ईन्भटर ब्याट्री | १ सेट | |
| बिधुतिय हाजिरी | १ सेट | |
| पाठशाला सफ्टवेयर | १ सेट | |
| स्मार्ट बोर्ड | १ सेट | |
| E - Library Server | १ सेट | |
| 24 part switch | २१ सेट | |
| Small Display Board | १ थान | |
| Projectar Pointer | ५ थान | |
| आल्मोनियम भरयाङ | १ थान | |
| पुस्तकहरु | | |

### ३.२.२ पुस्तक, जर्नल र सन्दर्भ सामग्रीहरु (Book,Journals and Reference Materials)

अछाम बहुमुखी क्याम्पसको पुस्तकालय समग्र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रकै सबैभन्दा ठूलो पुस्तकालय हो । यसमा जम्मा ६५०० बटा पुस्तकहरु छन् । यस पुस्तकालयमा जम्मा २ वटा कोठाहरु छन् । पुस्तकालय भवन विश्वविद्यालय अनुदान आयोग र कैलाली बहुमुखी क्याम्पसको संयुक्त लगानीमा निर्मित आधुनिक र सुविधा सम्पन्न छ । यसमा १ वटा अध्ययन कक्ष छन् ।

यस पुस्तकालयमा दैनिक २ पत्र-पत्रिकाहरु राखिने गरिएका छन्, त्यस मध्ये राष्ट्रिय र स्थानीय गरी दुवै किसिमका दैनिक पत्रिकाहरु छन्। पुस्तकालयसंग जम्मा ४ थान कम्प्यूटरहरु छन् जसमा प्रयोगकर्ताहरुले अनलाईन् र आवश्यक पुस्तक पढ्न तथा डाउनलोड गर्न सजिलै सक्दछन्

विभिन्न प्रकारका प्राज्ञिक जर्नलहरु पनि राखिएका छन् । साथै एउटा कम्प्युटर प्रिन्टर र एउटा फोटोकपी मेसिन भएको खण्डमा विद्यार्थी, प्राध्यापक र अन्य अनुसन्धाताहरुलाई भए सहज हुने देखिन्छ ।

### ३.२. ३ फर्निचरहरु (Furnitures)

अछाम बहुमुखी क्याम्पसमा निम्न अनुसारका फर्निचरहरु उपलब्ध छन ।

| सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|
| स्टील दराज मेडियम | ८ थान | |
| सेतोपाठी | १३थान | |
| काठको दराज | ८ थान | |
| स्टील दराज ( सानो ) | ९ थान | |
| टी टेवल | ५ थान | |
| काठको टेवल मेडियम | १६ थान | |
| काठको टेवल सानोमा | ४ थान | |
| मिटिङ (राउन्ड ) टेवुल | ३ थान | |
| कम्प्युटर टेवुल | ३१ थन | |
| काठको कुर्चि | ३० थान | |
| कम्प्युटर कुर्चि | ३० थान | |
| फलामे कुर्चि / प्लास्टिक कुचि | २२० थान | |
| सुचना पाटि | १ थान | |
| चापी वोर्ड | १ थान | |
| काठको खटिया | ६ थान | |
| डेस्क बेन्च (काठको ) | २०५ थान | |
| डेस्क बेन्च (फलामे ) | ८० थान | |
| सोफासेट | ६ थान | |
| रोष्टम | १६ थान | |
| हवाईट बोर्ड | २३ थान | |

# ४. वित्तीय प्रगति (Financial Progress)

अछाम बहुमुखी क्याम्पसको वित्तीय प्रगतिलाई स्वआर्जित तथा सरकारी अनुदानबाट प्राप्त आम्दानी र चालू एवम् पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।

## ४.१ वित्तीय स्रोत तथा आय विश्लेषण (Analysis of Financial Resources and Income)

अछाम बहुमुखी क्याम्पसको वित्तीय स्रोत अन्तर्गत विद्यार्थीबाट संकलन गरिएको शुल्क, बैंकबाट प्राप्त ब्याज र अन्य आम्दानीका स्रोतहरु पर्दछन् जसलाई तल प्रस्तुत गरिएको छ ।

### ४.१.१ स्वआर्जित आय (Self Generated Income Resources)

अछाम बहुमुखी क्याम्पसको स्वआजिंत आयको मुख्य स्रोत भनेको विद्यार्थीबाट संकलन गरिने शुल्क हो। दोस्रो स्रोत बैंकमा रहेको मुद्दती तथा बचत खाताबाट आर्जन हुने ब्याज हो । विद्यार्थीको शुल्क तथा बैंक ब्याज र अन्य आम्दानीका स्रोतहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

Table 9 : Self Generated Income (students fee and other sources_ of the Last Three Years, 2075/76–2077/78

| Financial Year | Students Fee | Others | Total | % of the students fee |
|---|---|---|---|---|
| 2075/76 | 10123304.00 | 251010.00 | 10374314.00 | 97.58% |
| 2076/77 | 8390326.37 | 339868.84 | 8730195.21 | 96.10% |
| 2077/78 | 7796678.00 | 181737.70 | 7978415.70 | 97.72% |

Sources: Annual Audit Report, Account Department of AMC

अछाम बहुमुखी क्याम्पसको शुल्क आयलाई विश्लेषण गर्दा आ.व. २०७५/०७६ मा रु.१ करोड १ लाख २३ हजार ३ सय ४ रुपैया शुल्कको रुपमा संकलन भएको थियो भने आ.व. २०७६/०७७ मा रु.८३ लाख ९० हजार ३ सय २६ रुपैया ३७ पैशा तथा आ.व. २०७७/०७८ मा रु.७७ लाख ९६ हजार ६ सय ७८ संकलन भएको थियो । आ.व. २०७२/०७३ मा

स्नातकोत्तर तहमा दुई व्याचको संगसंगै शुल्क संकलन भएकोले विद्यार्थी शुल्कमा उल्लेखनीय रुपमा वृद्धि हुन गएको हो । त्यसैगरी आ.ब. २०७५/०७६ मा रु.२ लाख ५१ हजार १ सय १० अन्य स्रोत बाट संकलन भएको थियो। अन्य आम्दानी आ.व. २०७६/०७७ मा ३ लाख ३९ हजार ८ सय ६८ रुपैया चौरासी पैशा र आ.व. २०७७/०७८ मा १ लाख ८१ ह्जार ७ सय सैतिस रुपैया ७० पैशा प्राप्त हुन गएको छ भने अन्य वर्षहरूमा सोको रकम कम हो । यसरी कूल आम्बानीमा करीव ९७ प्रतिशत विद्यार्थीको शुल्क योगदान रहेको छ भने ३ प्रतिशत मात्र अन्य स्रोतबाट आय आर्जन भएको देखिन्छ ।

### **४.१.२ सरकारी सोतबाट अनुदान (Grants from Government Sources)**

अछाम बहुमुखी क्याम्पसलाई सरकारी सोतबाट प्राप्त हुने आम्दानीको मुख्य स्रोत भनेको विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त हुने अनुवान नै हो । विगत तीन वर्षमा विश्वविद्यालय अनुदान आयोग र अन्य निकायहरबाट प्राप्त भएको आम्दानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

Table 10 :Grants from Government Sources of the Last Three Years, 2075/76–2077/78

| Financial Year | UGC | Others Government Bodies | Total Grands | Self Genereted | Total Revenue | % of Grands |
|---|---|---|---|---|---|---|
| 2075/76 | 966800.00 | 2981224.00 | 3948024.00 | 251010.00 | 16614398.00 | 23.76% |
| 2076/77 | 3471958.33 | 3414065.03 | 6886023.36 | 339868.84 | 15680111.07 | 43.91% |
| 2077/78 | 9012143.97 | 7310567.90 | 16322711.87 | 181737.70 | 24408886.07 | 66.87% |

Sources: Annual Audit Report, Account Department of AMC

माथिको तालिका अनुसार आ.व. २०७५/०७६ मा विश्वविद्यालय अनुदान आयेगवाट रु. ९ लाख ६६ हजार ८ सय र अन्य निकायबाट रु.२९ लाख ८१ हजार २ सय २४ मात्र अनुदान प्राप्त भएको थियो। आ.व. २०७६/०७७ मा विश्वविद्यालय अनुदान आयोगबाट रु.३४ लाख ७१ हजार ९ सय ५८ रुपैया ३३ पैशा प्राप्त भएको थियो। आ.व. २०७७/०७८ मा विश्वविद्यालय अनुदान आयोगबाट रु.९ लाख १२ हजार १ सय ४३ रुपैया ९७ पैशा प्राप्त भएको थियो । यसरी सरकारी निकायबाट अछाम बहुमुखी

क्याम्पसलाई प्राप्त हुने योगदान करिब २३ प्रतिशत देखि ६६ प्रतिशतको हाराहारीमा मात्र प्राप्त भएको देखिन्छ।

### ४.२ खर्च बिश्लेषण (Analysis of Expenditures)

अछाम बहुमुखी क्याम्पसको खर्चलाई चालू खर्च र पूँजीगत खर्चको आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ चालु खर्चहरु (Recurrent Expenses)

अछाम बहुमुखी क्याम्पसको चालू खर्चलाई तलब शीर्षकमा गरिएको खर्च र अन्य कार्यालय सञ्चालन खर्च गरी तलको तालिकामा प्रस्तुत गरिए अनुसार बुई भागमा वर्गीकरण गरिएको छ।

Table 11: Recurrent Expenses of the Last Three Years, 2075/76-2077/78

| Financial Year | Salary | Other Recurring expances | Total Recurring Expances | % of Salary |
|---|---|---|---|---|
| 2075/76 | 6324123.00 | 1494891.00 | 7819014.00 | 80.88% |
| 2076/77 | 7591947.00 | 2525917.00 | 10017864.00 | 75.78% |
| 2077/78 | 8478474.00 | 1971083.00 | 10449557.00 | 81.13% |

Sources: Annual Audit Report, Account Department of AMC

अछाम बहुमुखी क्याम्पसको आयको मुख्य स्रोत विद्यार्थीहरुबाट संकलन गरिने शुल्क हो भने खर्चको मुख्य क्षेत्र क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुकी तलव हो । तलब शीर्षकमा आ.व. २०७५/०७६ मा ६३ लाख २४ हजार १ सय २३, आ.व. २०७५/०७६ मा रु.७५ लाख ९१ हजार ९ सय ४७, र आ.व. २०७७/०७८ मा रु. ८४ लाख ७८ हजार ४ सय ७४ खर्च हुन गएको छ । त्यसैगरी अन्य शीर्षकहरुमा आ.व. २०७५/०७६ मा १४ लाख ९४ हजार ८ सय ९१, आ.व. २०७५/०७६ मा रु.२५ लाख २५ हजार ९ सय १७, र आ.व. २०७७/०७८ मा रु. १९ लाख ७१ हजार ८४ खर्च भएको देखिन्छ ।

चालू खर्चको ७५ देखि ८१ प्रतिशत सम्म तलव शीर्षकमा खर्च भएको देखिन्छ ।

### ४.२.२ पूँजीगत खर्च (Capital Expenditures)

अछाम बहुमुखी क्याम्पसको पुँजीगत खर्चलाई मुख्य पूर्वाधार विकास, उपकरणहरु खरीद, पुस्तक खरीद र कार्यक्रम विस्तार शीर्षकहरुमा विभाजन गरिएको छ ।

Table 10: Capital Expenditures of the Last Three Years, 2075/76–2077/78

| Financial Year | Major Infrastrustures Development | Minor Infrastrustures Development | Equipments | Books | Progamme Expansion | Total |
|---|---|---|---|---|---|---|
| 2075/76 | 320200.0 | – | – | 6375 | – | 326875.00 |
| 2076/77 | 12223170.87 | 1109343.59 | 1146058 | 475000.00 | – | 14953572.46 |
| 2077/78 | 5113858.67 | 982663.00 | – | 79195.00 | – | 6175716.67 |

Sources: Annual Audit Report, Account Department of AMC

अछाम बहुमुखी क्याम्पसको मुख्य भौतिक पूर्वाधारमा आ.व. २०७५/०७६ मा रु.३२ लाख २ सय , आ.ब. २०७६/०७७ मा रु. १ करोड २२ लाख २३ हजार १ सय ७० रुपैया ८७ पैशा, र आ.ब. २०७७/०७८ मा रु. ५१ लाख १३ हजार ५८ सय खर्च भएको देखिन्छ । पुस्तक खरीदतर्फ आ.ब. २०७५/०७६ मा रु.६ हजार ३ सय ७५, आ.व. २०७६/०७७ मा रु.४ लाख ७५ हजार , आ.ब. २०७७/०७८ मा ७९ हजार १ सय ९५ खर्च भएको छ । पुस्तक खरीदतर्फ स्नातक तहको पाठ्यक्रम परिवर्तन र स्नातकोतर को कक्षा सञ्चालन भएको कारणले आ.व. २०७६/०७७ मा बढी खर्च भएको छ ।

### ४.३ गत वर्षको लेखापरीक्षण अवलोकन, सुझाव तथा समस्या न्युनीकरणका प्रयासहरु (Audit Observations/Issues, Recommendation and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in the Last Fiscal last year)

अछाम बहुमुखी क्याम्पसले तयार गरेका वित्तीय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्त (Generally Accepted Accounting Principles ) तथा प्रचलित कानून बमोजिम तयार गरे नगरेको सम्बन्धमा नेपाल लेखापरीक्षणमान (Nepal Standards on Auditing) बमोजिम लेखापरीक्षण गरी सो विवरणले क्याम्पसको आय-व्ययको सही तथा यथार्थ अवस्था चित्रण गरे नगरेको सम्बन्धमा राय व्यक्त गर्ने सन्दर्भमा लेखापरीक्षण अवलोकन, प्रतिवेदनमा उठाइएका सुझावहरु र समस्याहरू न्युनीकरणका लागि गरिएका प्रयासहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| लेखापरीक्षण अवलोकन | सुझावहरु | न्यूनीकरणका प्रयासहरु |
|---|---|---|
| स्थिर सम्पत्ति खरिदको लागि प्राप्त अनुदान आयको लेखांकन सम्बन्धमा: "१० Accounting for Government Grant" परिच्छेद २४ तथा प्रचलित लेखा पद्धती का अनुसार स्थिर सम्पत्ति खरिदको लागि प्राप्त अनुदान आयको लेखांकन सोहि अनुदान आयलाई कुल स्थिर सम्पत्तिको लागतबाट घटाई खुद रकम लाई मात्र स्थिर सम्पत्तिको लागतमा पुँजीकरण गर्नुपर्दछ । संस्थाद्वारा प्राप्त कूल अनुदान आयलाई आम्दानी बाँधी कुल रकमलाई स्थिर पुँजीकरण गरेको पाइयो । | नेपाल लेखामान १०" Accounting for Government Grant" परिच्छेद २४ तथा प्रचलित लेखा पद्धतीका अनुसार स्थिर सम्पत्ति खरिदको लागि प्राप्त अनुदान , आयको लेखांकन सोहि अनुदान आयलाई कुल स्थिर सम्पत्तिको लागतबाट घटाई खूढ रकमलाई मात्र स्थिर सम्पत्तिको लागतमा पुँजीकरण गर्नु हुन सुझाव दिइन्छ । | क्याम्पसको आर्थिक कारोबारलाई पारदर्शि बनाउन सफ्टवेरको प्रयोग गरिएको<br>हिसाव कितावको सामाजिक ले.प. पार्नेगरेको<br>खर्च रकम लाई न्यूनिकरण तर्फ जोड दिनु पर्ने जस्तो मसलन्द एवम दै. भ. भ. आदी र अन्य खर्चमा कटौती गरि मितव्यायिता अपनाउनु पर्ने |

## ५. सामाजिक प्रगति (Social Progress)

अछाम बहुमुखी क्याम्पस समुदायमा आधारित क्याम्पस भएकोले क्याम्पसको प्रगतिको मुख्य पक्ष भनेको सामुदायिक सम्बन्ध हो । यस क्याम्पसमा सामाजिक अभिवृद्धिका लागि निम्न गतिविधिहरु गरिदै आएका छन् :

### ५.१ क्याम्पसको सामाजिक क्रियाबलापमा सहभागिता (Campus's Involvements in Social Activities)

सामुदायिक गतिविधिहरुमा प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता जनाउने,

- समाज र समुदाय गुणस्तरीय शिक्षा प्रति सचेत
- अछाम जिल्ला र बाह्रय जिल्लाका बिधार्थिहरु उच्च शिक्षामा सहज पहुंच ।
- समाजका जल्दाबल्दा मुद्धाहरुमा प्रध्यापक, प्राज्ञिक समुदाय र बिध्यार्थिहरुको सहभागीता ।

### 5.2 Social Contributions for Campus

समाजका मानिसहरु क्याम्पसको हरेक क्रियाकलापमा सहभागिता जस्तो भौतिक निर्माण तथा पर्यावरणिय क्रियाकलापमा सहभागी ।

### 5.3 Plans for campus's Contribution to Society

- स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरुबीच सहकार्य गर्ने,
- सामुदायिक गतिविधिहरुमा प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरुको सहभागिता जनाउने,
- समाज र समुदाय गुणस्तरीय शिक्षा प्रति सचेत

- अछाम जिल्ला र बाह्रय जिल्लाका बिधार्थिहरु उच्च शिक्षामा सहज पहुंच ।
- संस्था प्रति समुदाय स्थानिय सरोकार अपनत्वको  भावनाको बिकास ।
- समाजका जल्दाबल्दा मुद्धाहरुमा प्रध्यापक, प्राज्ञिक समुदाय र बिध्यार्थिहरुको सहभागीता ।
- गरिब बिध्यार्थिहरुलाई पनि उच्च शिक्षामा पहुचमा भावनाको बिकास

## 5.4 Plan for Increased Involvement of the Society in the Campus

- समाजमा उल्लेखनीय योगदान पुयाउने नागरिक समाज, उद्योगी, व्यवसायी, कानून व्यवसायी, समाजसेवी र राजनीतिक दलका प्रतिनिधिहरुलाई क्याम्पसको सञ्चालक समितिमा मनोनयन गर्ने,
- उद्योगी व्यवसायी तथा समाजसेवीबाट क्याम्पसको भौतिक पूर्वाधारको लागि आर्थिक स्रोत जुटाउन आग्रह गर्ने,
- स्थानीय निकाय, सरकारी तथा गैरसरकारी संस्थाहरुबीच सहकार्य गर्ने,
- विद्यार्थी युनियनका अध्यक्षलाई क्याम्पस सञ्चालक समितिमा पदेन सदस्यका रुपमा सहभागी गराउने,
- अछाम बहुमुखी क्याम्पसका भूतपूर्व विद्यार्थीहरुलाई संगठित गरी क्याम्पसको समग्र विकासमा सहभागी गराउने,

# ६. समस्या तथा चुनौतीहरु (Issues and Challenges)

## ६.१ समस्या तथा चुनौतीहरु (Issues and Challenges)

अछाम बहुमुखी क्याम्पस जिल्लाकै अग्रणी शैक्षिक संस्थाको रुपमा विकसित भइरहेको भएता पनि यसका केही विद्यमान समस्या तथा चुनौतीहरु निम्नानुसार छन् :

### 6.1.1 Short Terms Issues and Challenges

- त्रि.वि.का वार्षिक परीक्षा सञ्चालनका कारण नियमित पठनपाठनमा अवरोधः त्रिभुवन विश्वविद्यालयद्वारा पटक-पटक सञ्चालन गरिने विभिन्न तहको वार्षिक परीक्षाका कारण नियमित कक्षाहरु सञ्चालनमा अवरोध हुने गरेको छ ।
- विद्यार्थी उत्तीर्ण दरमा उल्लेख्य सुधार हुन नसकेको विभिन्न कारणले हरेक वर्ष अनुत्तीर्ण हुने विद्यार्थीहरुको संख्या न्यून गर्न कठिनाई भइरहेको छ।
- क्याम्पसमा संचालित कार्याक्रअनुशार प्राप्त कक्षा कोठा सहितको शैक्षिक भवन को निर्माण हुन नसक्नु ।
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको अभाव हुनु ।
- विविध विषय तथा विभिन्न तहमा स्नातकोत्तर तह अध्ययन अध्यापनको अभाव हुनु ।
- आधुनिक सूचना र प्रविधिको प्रयोग तथा पहुँच न्यून रहनु ।

### 6.1.2 Long Terms Issues and Challenges

- भौतिक पूर्वाधार तथा उपकरणहरुको अपर्याप्तताः विद्यार्थीहरुको बढ्दो चाप र माग अनुसार कक्षाहरु सञ्चालन गर्नका लागि उपलब्ध पूर्वाधार तथा उपकरणहरु अपर्याप्त छन् । कक्षा कोठा, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, ओभरहेड प्रोजेक्टर जस्ता उपकरणहरु कम पर्न गएको महसुस हुन्छ ।
- प्राविधिक विषय सञ्चालन गर्न नीतिगत समस्याः त्रिभुवन विश्वविद्यालयले प्राविधिक विषय जस्तैः इन्जिनियरिङ, कृषि, नर्सिं इत्यादि सञ्चालन गर्न अनुमति नदिइरहेकोले गर्दा पूर्णरुपमा गैर प्राविधिक विषयमै निर्भर रहनुपर्ने बाध्यता देखिन्छ ।
- अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्याः यस क्याम्पसले विदेशका कलेज वा विश्वविद्यालयसंग भगिनी सम्बन्ध कायम गर्न र विद्यार्थी

तथा प्राध्यापकको आदानप्रदान मार्फत आफ्ना प्राज्ञिक गतिविधिहरु विकसित गर्न कठिनाई भइरहेको छ।

- विद्यार्थी उत्तीर्ण वरमा उल्लेख्य सुधार हुन नसकेको विभिन्न कारणले हरेक वर्ष अनुत्तीर्ण हुने विद्यार्थीहरुको संख्या न्यून गर्न कठिनाई भइरहेको छ।
- गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको अभाव हुनु ।
- सु.प.विश्वविद्यालयको आंगिक क्याम्पस बन्न नसक्नु ॥
- आन्तरिक तथा दिगो आर्थिक स्रोतको अभाव देखिनु ।
- प्रयाप्त पूर्णकालीन विषयगत प्राध्यापक र आवश्यक मात्रामा कर्मचारी भर्ना गर्न नसकिनु ।
- छात्र/छात्रा वासको व्यवस्था नहुनु ।
- प्राविधिक धारका शिक्षा संचालन गर्न नसक्नु ।
- आधुनिक पुस्तकालय ई-पुस्तकालय निर्माण हुन नसक्नु ।
- अछाम शैक्षिक एवं धार्मिक महोत्सवमा दान रकम घोषणा गर्ने केहीदाताहरुबाट दान रकम संकलन गर्न नसक्नु ।

## ६.२ समस्या तथा चुनौतीहरु न्यूनीकरणका उपायहरु (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

यस क्याम्पसको ५ (पाँच) वर्षे रणनीतिक योजना तर्जुमा भई लागू भएको छ । यो योजनामा यस क्याम्पसका भौतिक पूर्वाधार तथा विषय व्यवस्थापनका विभिन्न उपायहरु अवलम्बन गरिएका छन् :

- सरकारी लगानी भिक्याउने प्रयास भइरहेको छ । यस क्याम्पसलाई सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पसरकारी लगानी भित्र्याउने प्रयास भइरहेको छ । यस क्याम्पसलाई सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पस बनाउन पर्याप्त पहल भइरहेको छ । यसबाट प्राविधिक विषय तथा सरकारी लगानी भित्र्याउन सहज हुने देखिन्छ।

- प्राज्ञिक स्वायत्तता प्राप्त गरी बजारको माग अनुसारका विषयहरु थप्ने प्रयास भइरहेको छ ।
- विद्यार्थी उत्तीर्ण वर बढाउन आन्तरिक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनुका साथै अतिरिक्त कक्षाहरुको सञ्चालन समेत भइरहेको छ । क्याम्पसले पठनपाठनलाई व्यवस्थित बनाउन शैक्षिक क्यालेण्डर बनाई लागू गरिरहेको छ ।
- यस क्याम्पसको विधान अद्यावधिक गर्न र आवश्यक परिमार्जन गर्न क्याम्पस व्यवस्थापन समिति, प्राध्यापक संघ तथा क्याम्पस प्रशासन क्याम्पसमा क्रियाशील विभिन्न विद्यार्थी संघ-संगठनहरु र नागरिक समाजका बीच पर्याप्त छलफल भई रहेको छ।

## ६.३ समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना (Plan for Addressing the Issues and Challenges)

समस्या तथा चुनौतीहरु सम्बोधन गर्ने योजना (Plan for Addressing the Issues and Challenges) अछाम बहुमुखी क्याम्पस तयार गरेको रणनीतिक विकास योजना समेतलाई सम्बोधन हुने गरी आर्थिक वर्ष २०७८/०७९ लागि निम्न अनुसारका नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छ ।

### १. भौतिक पूर्वाधार विकास (Physical Infrastructure Development)

- **शैक्षिक भवन निर्माण गर्ने :** हाल यस अछाम बहुमुखी क्याम्पस मा वर्षेनि विधार्थी भर्नादर बढ्दो क्रममा रहेको र क्याम्पसमा स्नाकोत्तर तह एम. एड. र एम.वि.एस. कक्षाहरु समेत संचालनमा रहेको अवस्था समेत लाई मध्यनजर गर्दै र क्याम्पस मा उपलव्ध भौतिक पूर्वधार अर्न्तगत शैक्षिक प्रशासनिक भवनको अपर्याप्ता रहेकाले क्याम्सको शैक्षिक प्रशासनिक भवन निर्माणका लागी यसै शैक्षिक सत्र वाट भवनको Drawing ,Desing estament समेत तयार गरी विश्व विधालय अनुदान आयोगमा प्रस्तावना पेश गर्ने तत्कालिन योजना रहेको छ ।

- विभिन्न कक्षाकोठाहरुमा प्रयोग गरिएका पुराना काठका फर्निचरहरुको मर्मत गरिने छन् । E–Library/ कम्प्युटर ल्यावको लागि आवश्यक पर्ने पप कम्प्युटर तथा मेशिनरी सामानहरु खरीद गरिने छन् ।
- क्याम्पसको पर्यावरणलाई स्वच्छ शहनको लागि वृक्षारोपणको कार्यलाई निरन्तरता दिइने छ ।
- क्याम्पसमा सञ्चालित चमेना गृह (क्यान्टीन) को विस्तार गरिने छ ।
- छात्रावास भवनको दास्रोतला थप्न पहल गर्ने र पहिलो तलालाई बस्नयोग्य बनाई प्रयोगमा ल्याइने छ ।
- **सभाहल** :यस अछाम बहुमुखी क्याम्पसको सभाहलमा विभिन्न कार्यक्रम संचालन गर्नका निमित्त आधुनिक साउन्ड सिस्टम र ज्ष्नज ाचभत्रगभलअथ सहितको ईन्टरनेट जडान गर्ने तत्कालिन योजना रहेको छ ।
- **सि.सि.क्यामेरा र मल्टीमिडिया जडान** : त्रि.वि.परीक्षा नियन्त्रण कार्यालय बल्खुको परिपत्र समेतलाई मध्ये नजर गर्दै यसै शै.स.देखि प्रत्येक कक्षाकोठामा सि.सि.क्यामेरा जडान गर्ने र क्याम्पसको शिक्षण सिकाई क्रियाकलापलाई आधुनिक सुचना प्रविधि मैत्रि बनाउन प्रत्येक कक्षाकोठामा प्रोजेक्टर जडान गर्ने कार्य योजना रहेको छ ।
- **चमेना गृह भवन निर्माण** :यस अछाम बहुमुखी क्याम्पसको आफ्नै चमेना गृह रहेको र उक्त चमेना गृह घर बाहलमा लिई संचालनमा रहेकोले आगामी बर्ष आफ्नै छुट्टै भवन निर्माण गरी व्यवस्थित रुपमा संचालन गर्ने योजना रहेकोछ ।

**२ प्रागिक उत्कृष्टताको लागि संस्थागत क्षमता तथा निकाय विकास (Institutional Capacity and Faculty Development for Academic Excellence)**

- प्राज्ञिक विभागहरुलाई शैक्षिक कार्यतालिका, विभागीय अनुसन्धान तथा प्रकाशन र विद्यार्थीहरुलाई अनुसन्धानमूलक कार्यमा सहभागी गराउनमा विभागीय प्रमुखहरुलाई अभिप्रेरित गरिने छ ।

- विश्वविद्यालय अनुदान आयोग अन्तर्गत प्राध्यापकहरुको स्तरोन्नतिका लागि विभिन्न अनुसन्धानात्मक क्रियाकलापलाई निरन्तरता दिइने छ ।
- प्राध्यापकहरुको शैक्षिक योग्यता र क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरुको पठनपाठनलाई अवरोध नहुने गरी आवश्यकता अनुसार प्राध्यापकहरुलाई M.Phil., Ph.D. र अन्य अनुसन्धानमूलक कार्य गर्न सहयोग गरिने छ ।
- विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्नको लागि पठनपाठनको कार्यलाई समयमै सम्पन्न गर्न लगाउने र पटक-पटक त्रि.वि. को परीक्षा सञ्चालनको कारण समयमै विद्यार्थीहरुको पठनपाठन समाप्त नहुने भएकोले सो कार्यलाई न्यूनिकरण गर्न सार्वजनिक विदा तथा शनिवार समेत अतिरिक्त समयमा कक्षा सञ्चालन गरी सो समस्या समाधान गर्ने र साथै अति कमजोर विद्यार्थीहरुका लागि विशेष समयमा कक्षा सञ्चालन गरी पठनपाठनको व्यवस्था गरिने छ ।
- क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्ने गरी अध्यापन शुरु भएको तीन महिना भित्र ल्याकत परीक्षा लिने र यसमा देखिएका कमी-कमजोरीहरुलाई सुधार गरि विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्ने उद्देश्यले सञ्चालनमा आएको आन्तरिक परीक्षालाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- प्रत्येक संकाय र तहमा हुने गरेको विद्यार्थीहरुको दैनिक हाजिरीलाई थप व्यवस्थित गरिने छ ।
- नयाँ भर्ना हुने विद्यार्थीहरुलाई क्याम्पसको शैक्षिक क्यालेण्डर अनुसार प्रवेश परीक्षामा सहभागी गराई यथाशीघ्र भर्ना गर्न लगाउने र समयमै कक्षा सञ्चालन गरी पठनपाठनलाई व्यवस्थित गर्न लगाईने छ ।
- गुणस्तर सुधारको लागि अतिथी प्राध्यापक आमन्त्रण गरी पठनपाठनको व्यवस्था गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।
- प्राध्यापक तथा कर्मचारीहरुलाई विभिन्न विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरुको अवलोकन भ्रमण गराईने छ ।

- Multi–media Projector बाट कक्षा सञ्चालन गर्न आवश्यक प्रोजेक्टर र अन्य विद्युतीय उपकरणहरु खरिद गरि जडान गरिने छ ।
- प्रशासनिक कार्यलाई छिटो छरितो तथा सर्वसुलभ बनाउन Computer Software लाई व्यवस्थित गरिने छ।
- **गुणस्तर सुनिश्चितता तथा प्रत्यायान (Quality Assurance and Accreditation)** :विश्वव्यापीकरणको परिवेशलाई आत्मसात गर्दै उच्च शिक्षाद्वारा दीगो विकासको लक्ष्य पूरा गर्न बजार उन्मुख, सिपमूलक, दक्ष जनशक्ति विकास गराउनु आजको राष्ट्रिय आवश्यकता रहेको छ । उच्च शिक्षा प्रदान गर्ने संस्थाको दीगो विकास, विस्तार र सुसंचालनबाट मात्र उच्च शैक्षिक अध्ययन, अध्यापन र अनुसन्धान सम्पन्न भै देशलाई रुपान्तरण गर्न सक्ने दक्ष जनशक्तिको उत्पादन भै देशको चौतर्फी विकासका लक्ष्यहरु हाँसिल हुन सक्दछन् । यसका लागि क्षमता र योग्यताका आधारमा उच्च शिक्षा हाँसिल गर्न सबै विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्नु, गुणस्तर र सान्दर्भिकतामा अभिवृद्धि गर्नु, अनुसन्धान उन्मुख उच्च शैक्षिक संस्कृतिको विकास गरी शैक्षिक संस्थाहरुको संचालनमा सुशासन कायम गर्नु, अध्ययन अध्यापन र अनुसन्धानका लागि अनुकूल वातारण निर्माण गर्नु जस्ता चुनौतीपूर्ण कार्यहरु क्याम्पसको अगाडि रहेका छन् । यीनै विषय वस्तुलाई आत्मसात गर्दै विश्वविद्यालय अनुदान आयोगले देश भित्र संचालित उच्च शिक्षा संस्थाहरु गुणस्तरका न्यूनतम मापदण्ड पूरा गरी संचालित छन् भन्ने सुनिश्चितताको प्रयोजनार्थ विश्वविद्यालय अनुदान आयोगले संस्थागत प्रत्यायन प्रणाली लागू गरेको छ । यसै कार्यक्रम अर्न्तगत हाम्रो क्याम्पस पनि उक्त गुणस्तर सुनिश्चितता तथा प्रत्यायान (Quality Assurance and Accreditation) प्रक्रियामा रहेकाले उक्त QAA कार्यक्रमका मापदण्ड पूरा गरी चालु बर्ष भित्र क्याम्पसलाई QAA प्राप्त क्याम्पसको रुपमा विकास गर्नुपर्ने चुनौती पूर्ण जिम्मेवारी क्याम्पसको अगाडि रहेको छ र यस कार्यलाई सार्थक तुल्याउन क्याम्पसको साधन, स्रोत, जनशक्ति र समुदायको उल्लेखनीय

जनसहभागितामा उक्त कार्यक्रम सम्पन्न गर्ने मूल लक्ष्य एवं कार्यक्रम रहेकोछ । यस कार्यक्रम अर्न्तगत विश्वविद्यालय अनुदान आयोग अर्न्तगत QAA Division द्वारा एचभ(Assement Visit को कार्य सम्पन्न भै सकेको र यसै शैक्षिक सत्र भित्र त्तब्ब कार्यक्रम अर्न्तगतको ँष्लबा ख्ष्कष्त कार्यक्रम सम्पन्न गराई क्याम्पसलाई QAA Certified Collage को रुपमा मान्यता दिलाउन विशेष पहल गरिनेछ ।

## ३ **प्राज्ञिक स्वायत्तता र कार्यक्रम विस्तार (Academic Autonomy and Program Extension)**

- समय अनुकूलको प्राविधिक शिक्षाको मागलाई मध्यनजर गर्दै यस क्याम्पसले चालू आर्थिक वर्षदेखि देखि कृषि विज्ञान र कम्प्युटर सूचना प्रणालीमा (CSIT) स्नातक तहका कार्यक्रमहरु सञ्चालन गर्नको लागि सम्बन्धित निकायमा पहल गरिने छ
- क्याम्पसको बाह्य सम्बन्ध विस्तार गर्नको लागि स्वदेशी तथा विदेशी अनुसन्धान केन्द्र र विश्वविद्यालयसंग सहकार्य गरिने छ ।
- **स्नातकोत्तर तहमा थप कार्यक्रम** : यस क्याम्पसमा स्नाकोत्तर तह एम.एड.अर्न्तगत नेपाली र ई.पि.एम.कार्यक्रम संचालनमा रहेको र आगामी वर्ष त्रिभुवन विश्वविद्यालय द्वारा थप कार्यक्रम स्वीकृतिको लागि सूचना जारी भएको खण्डमा एम.एड.अर्न्तगत स्वास्थ्य, जनसंख्या र अंग्रेजी विषयका थप कार्यक्रम विस्तार गर्ने तत्कालीन लक्ष्य रहेकोछ ।
- **मानविकी संकाय थप सम्बन्धमा** : यस अछाम बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र संकाय, व्यवस्थापन संकायका कार्यक्रम मात्र संचालनमा रहेकाले यसै शै.स.देखि मानविकी संकाय थपका लागि मानविकी संकाय डीनको कार्यालय संग समन्वय गरी संकाय थपका लागि विशेष पहल गरिने योजना रहको छ
- **प्राविधिक शिक्षालय निर्माण** : यस क्याम्पसको आयोजनामा अछाम शैक्षिक एवं धार्मिक महोत्सव-२०७३ मा प्राविधिक धारका कक्षा

संचालन गर्ने प्रतिबद्धता व्यक्त गरे अनुरुप अछाम जिल्लाका कुनै पनि ठाउँमा उच्च तहको प्राविधिक शिक्षालय समेत नरहेको तथा जिल्लामै धेरै विद्यालयहरुमा Isc.Ag. का कार्यक्रमहरु संचालनमा रहेकाले जिल्ला सदरमुकाममा अवस्थित यस अछाम बहुमुखी क्याम्पसमा Bsc.Ag. लगायतका अन्य प्राविधिक धारका विषयको सम्बन्धनका लागि सम्बन्धीत विश्वविद्यालय संग सम्बन्धन स्विकृतीका लागि पहल गर्ने योजना रहेको छ ।

## ४ विधान कल्याण र अतिरिक्त (Student Weifure and Extra Aetivities)

- विद्यार्थीहरुको उत्तीर्ण प्रतिशतमा वृद्धि गर्न प्रत्येक संकायका विभागीय प्रमुख संग परामर्श गरी आवश्यकता अनुसार पठनपाठन कार्यलाई व्यवस्थित गरिने छ ।
- मासिक रुपमा विद्यार्थी पठनपाठन र क्याम्पसका अन्य शैक्षिक गतिविधि सहभागि गरी विद्यार्थीहरुबाट प्राप्त हुने सुझाव तथा उचित गुनासाहरुलाई लागू तथा समाधान गरिने छ।
- यस क्याम्पसमा अध्ययनरत गरीब तथा जेहेन्दार विद्याहरुलाई बढी भन्दा बढी वृतिमा सहभागी गराउन छात्रवृति छनोट प्रकृयालाई व्यवस्थित गर्न पहल गरिने छ ।
- विद्यार्थी वित्तीय कोष लगायत अन्य निकायहरुले प्रदान गर्ने छात्रवृत्तिमा स्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई सहभागी गराउने थप प्रयत्न गरिने छ।
- क्याम्पसको समग्र विकासको लागि भूतपूर्व विद्यार्थी संगठनलाई सक्रियता बढाउन पहल गरिने छ।
- रोजगारीमूलक एवम् प्रतिस्पर्धात्मक परीक्षाहरुमा विद्यार्थीहरुलाई सहभागी गराउन परामर्शसम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छन्।

- न्यूनतम शुल्कमा क्याम्पसको कम्प्युटर ल्याबको क्षमता अनुसार इच्छुक विद्यार्थीहरुलाई कम्प्युटर प्रशिक्षण प्रदान गर्ने व्यवस्था गरिने छ ।
- सामुदायिक सम्बन्ध विस्तार गर्ने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराइनेछ ।
- सीप विकासको लागि अंग्रेजी भाषा, सूचना प्रविधि र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छन्।

## ५. वित्तीय स्रोत विकास तथा व्यवस्थापन (Financial Resource Development and Management)

- विभिन्न व्यक्ति तथा संस्थाहरूबाट क्याम्पसको विकासको लागि आर्थिक तथा अन्य सहयोगका लागि पहल गरिने छ।
- स्नातक तथा स्नातोकोतर तहमा विद्यार्थीहरुको भर्ना संख्यामा वृद्धि गर्नको लागि आवश्यक पहल गरिने छ।
- स्थायी प्राध्यापक तथा कर्मचारीहरुको १ (एक) महिनाको तलब बराबरको रकम उपदान तथा औषधि उपचार कोषमा जम्मा गर्दै जाने व्यवस्थाको लागि पहल गरिने छ ।

## ६. संस्थागत सुशासन तथा क्याम्पस समुदाय सम्बन्ध (Institutional Governance and Campus Community Relationship)

- प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गत बर्षको आर्थिक र प्राज्ञिक गतिविधिहरु समावेश गरी आर्थिक प्रतिवेदन तयार पारी सार्वजनिक गर्ने कार्य गरिने छ । क्याम्पसको आर्थिक प्रतिवेदनलाई क्याम्पसको वेबसाइटमा राखिने छ।
- क्याम्पसको विधान अद्यावधिक गरी सो अनुसार क्याम्पस सभा तथा सञ्चालक समितिको गठन गरिने छ।

- क्याम्पसको आर्थिक प्रशासन सम्बन्धी नियमावलीमा समयसापेक्ष रुपमा परिमार्जन गरी लागू गरिने छ।
- छात्रवृत्ति सम्बन्धी विनियम अद्यावधिक गरी लागू गरिने छ ।
- विभिन्न व्यक्ति तथा संस्थाहरुलाई क्याम्पस सञ्चालनमा सहयोग गर्न र क्याम्पसको तर्फबाट प्राध्यापक तथा कर्मचारी र विद्यार्थीहरुलाई सामुदायिक विकास एवम् सचेतना कार्यमा सहभागी गराउन पहल गरिने छ ।

## ६.४ वार्षिक कार्ययोजना तथा बजेट (Annual Work Plan and Budget)

जिल्लाकै सामुदायिक शैक्षिक संस्थाको रुपमा स्थापित यस अछाम बहुमुखी क्याम्पसले शैक्षिक उन्नयनमा विविध चुनौतीहरु पार गर्दै आफ्नो स्थापनाको २६ औ वर्षमा प्रवेश गरेको छ ।साथै गुणस्तर सुधारको लागि सबै सतर्कता अपनाउन पनि जरुरी छ । यसका लागि तालिम, सेमिनार, गोष्ठीमा सहभागी गराई दक्ष बनाउन आवश्यक छ । साथै विशेषज्ञ व्यक्तिहरुलाई क्याम्प गरि समयानुकूल परिवर्तनको लागि सुझाव तथा सल्लाह लिनुपर्ने हुन्छ । सामुदायिक स्तरबाट सञ्चालित यस क्याम्पसको गत आर्थिक वर्षको वार्षिक आय-व्यय लाई आधार मानि आर्थिक वर्ष २०७८/७९ को लागि निम्नानुसार वार्षिक बजेटको तर्जुमा गरिएको छ

Annual Work Plan and Budget of Current Fiscal Year (as the strategies plan)

| क्रस | शिर्षकहरुको नाम | २०७७।७८ | २०७७।७८ | २०७८।७९ |
|---|---|---|---|---|
| | | आय अनुमान | यथार्थ व्यय | आय अनुमान |
| १ | पुँजिगत अनुदान | १,७१,००,०००।- | ७०,७७,८१६।७३ | २,६३,६६,०००।- |
| २ | शिक्षण शुल्क | १,३१,९८,५००।- | २५,९२,८७४।- | १,७५,२८,९००।- |
| ३ | आजिवन सदस्यता शुल्क | ३,६५,०००।- | - | ६,५०,५००।- |
| ४ | परीक्षा संचालन तथा व्यवस्थापन अनुदान | ४,२०,०००।- | - | - |
| ५ | आवास तथा हल भाडा | १,१५,५००।- | - | २,३५,०००।- |
| ६ | बैक व्याज | २,२५,०००।- | - | ३,१२,०००।- |
| ७ | विविध | १,५१,०००।- | १,००,७३५।७९ | १,९२,४००।- |
| ८ | तलब तथा भत्ता | - | ९५९१५४९।- | - |
| ९ | कार्यालय संचालन तथा व्यवस्थापन | - | १६,२९,२२८।- | - |
| | जम्मा | ३,१५,७५,०००।- | २,०९,९२,२०३।५२ | ४,५२,८४,८००।- |

# Appendix